बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

R.P. International Consultancy P. Ltd
Bishalnagar Chowk, Kathmandu, Nepal -Tel: 977-1-4543699, Fax: 977-1-4543699
Email: rpiconsultancy2005@gamil.com, Web.: www.rpinternational.com.np
श्रम इजाजत नं. ४८१/०६१/०६२

## सम्पादकीय

# बाँदरझुलाको बेदना

राजधानी उपत्यकाको माइतीघर मण्डला हरेक मीनपचासमा न्याय खोज्ने नागरिकको बेदना साक्षी बन्ने गरेको छ । एकप्रकारले भन्दा न्याय खोज्ने थलोका रूपमा माइतीघर मण्डला स्थापित हुँदै गएको छ । केही दशक अगाडिसम्म नागरिकले अधिकार माग्ने थलोका रूपमा रत्नपार्क चिनिन्थ्यो । व्यवस्था परिवर्तन र सुशासनको मागमा रत्नपार्क प्रदर्शनस्थल थियो । खुलामञ्च दलहरूले आफ्नो कुरा राख्ने स्थल बन्यो । तर अहिले पनि माइतीघर मण्डला नागरिक बेदनाको साक्षीस्थल बनेको छ । अघिल्ला वर्षहरूमा देहातबाट आएका किसानले माइतीघरमा प्रदर्शन गरे । आफ्नो ऊखु लैजाने उद्योगीबाट पैसा नपाएकाले दुखेसो सरकारसँग राख्न माइतीघरमा प्रदर्शन गर्ने गरेका थिए । यसपटक भने सुकुम्बासी प्रदर्शन शुरू भएको छ ।

चितवनको माडीस्थित बाँदरझुलाका सुकुम्बासी जमिन माग्दै राजधानी आइपुगेका हुन् । उनीहरूको कथन छ– दशकौंको पीडा सुनुवाइ होओस्, बाँच्ने र बस्ने जमिन पाइयोस् । आइतबार देखि राजधानी उपत्यकामा शुरू भएको सुकुम्बासीहरूको प्रदर्शनबारे सरकारले कुनै प्रतिक्रिया दिएको छैन । राजनीतिक दलहरूको मौनता तोडिएको छैन । अझ बाँदरझुला सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको निर्वाचन क्षेत्र समेत हो । चितवन–३ मै पर्ने बाँदरझुलाका यी सुकुम्बासी प्रचण्डका मतदाता हुन् । तर उनीहरूको पीडा दुईपटक प्रधानमन्त्री भइसकेका प्रचण्डले सुनुवाई गर्न सकेका छैनन् । यसपटक पनि माओवादी केन्द्र सरकारमा छ ।

बाँदरझुलाका यी नागरिक पनि यसैपटक राजधानी आइपुगेका छन् । आशा छ– पक्कै न्याय पाइनेछ । उनीहरूको पीडा सुन्दा मात्रै पनि न्यायमा ढिलाइ गरिनु हुन्न । २०१८ सालदेखि भारतको सीमा नजिकै रहेका उनीहरूलाई चितवन राष्ट्रिय निकुञ्जले दिने दुख सहन सकिन्न । निकुञ्जले हात्ती ल्याएर घर भत्काइदिने, दुख दिने र भूमि छोड्न उर्दी जारी गरिनुले संविधानले दिएको बाँच्न पाउने नागरिकको अधिकार माथि समेत हस्तक्षेप भएको छ । जबकी राज्यको नियम मान्ने नागरिकको जीवन रक्षाको दायित्व पनि राज्यकै हो । तर निकुञ्जको भन्दा नागरिक प्राथमिकतामा देखिनु वर्तमान संविधानको प्रस्तावना बिपरीत समेत हो । अझ प्रदर्शनमा उत्रिएकाहरूले बोकेको ब्यानरले एकपटक सोच्न बाध्य पार्छ । उनीहरूले लेखेका छन्– धर्ती आकाश साझा हो ।

# मानव अधिकारका कुरा

यस वर्षको अन्तर्राष्ट्रिय नारा 'असमानता घटाउने, मानव अधिकारको विकास गर्ने' थियो भने राष्ट्रिय नारामा 'विधिको शासन कायम गरौं' भन्ने रह्यो । तर मानव अधिकारको नारा कार्यान्वनमा भने चुनौतीहरु कायमै देखिएका छन् ।

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

हामी दिन दिनै दवस मनाउँछौ, तर दिवसको सार्थकता के हो बुझ्दैनौं । आजभन्दा ७३ वर्ष पहिले दोस्रो विश्व युद्धपछि सन् २०४८ डिसेम्बर १० मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेको थियो । मानवमात्रको स्वाभिमान र सम्मानका खातिर ३० बुँदे एतिहासिक दस्तावेज पारित गरेको दिन हो डिसेम्बर १० । संयुक्त राष्ट्र संघको साधारण सभाले प्रस्ताव नं २१७, क ३ बाट अनुमोदन गर्दै जारी भएको यो विश्वव्यापी मान्यता मानवको स्वतन्त्रता र प्रतिष्ठा, कानुनका दृष्टिमा सबैको समानता, राज्यको जवाफदेहीता, विधिको शासन आदि हो । आज सबैजसो देशहरु आफूलाई लोकतान्त्रिक भन्न रुचाउँछन्, लोकतन्त्रको सुन्दर आभूषण भनेको जिम्मेवारी बोध नै हो र जवाफदेहिता पनि । संसारमा आज राजनीतिको सुन्दर मुहार कुरुप देखिँदैछ, खासगरी अल्प विकसित, गरिब देशहरुमा, मानव अधिकार नाममात्रको देखावटी भएको छ । नेपालले संयुक्त राष्ट्र संघले लागु गरेको सबै अनुबन्ध र विशेष प्रोटोकलको मान्यता दिएको छ । नागरिकका राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक हक, अधिकारहरुलाई सुनिश्चित गरेको छ । पछिल्लो ०७२ को संविधानले यसबारे धेरै विषयमा आफ्नो प्रबिद्धता जाहेर गरेको छ । साथै दक्षिण एसियामा अधिक २२ भन्दा बढी अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धि संयन्त्रलाई अनुमोदन गरेको छ । सबै किसिमका नागरिक यातनाविरुद्धका हक अधिकार, महिला तथा बालबालिकाका अधिकार, ज्येष्ठ नागरिक, अपांग, अशक्तहरुको विशेष सुरक्षा, भेदभाव रहित मानवोचित ढंगले हुने जीवनयापन, सबै विषयमा राज्यको जवाफदेहिता हुने भनेको छ ।



सिद्धान्ततः नेपालले आफ्नो प्रतिबद्धता जाहेर गरे पनि व्यवहारतः मानव अधिकारका विषयमा नेपाल पछाडि छ । मानव विकास सूचकांकमा यसको स्तर ०.६०२ र संसारभरिको यो सूचकांको श्रेणीमा १४२ औं स्थानमा छ । ४८ अल्प विकसित राष्ट्रको सूचीमा नेपाल पनि पर्दछ र आउने ५ वर्षपछि मात्र राष्ट्रसंघले तोकेको योग्यता पुगे स्तरोन्नतिको सम्भावना रहेको छ । गत वर्षको मानव अधिकार दिवसको नारा रिकभर बेटर स्टायण्डर्ड फर ह्यूमन राइट्स थियो भने राष्ट्रिय नारामा महामारीमा मानव अधिकार स्वास्थ्य क्षेत्रमा सबैको पहुँच र विस्तार रहेको थियो । यस वर्षको अन्तर्राष्ट्रिय नारा 'असमानता घटाउने, मानव अधिकारको विकास गर्ने' थियो भने राष्ट्रिय नारामा विधिको शासन कायम गरौं भन्ने रह्यो । तर मानव अधिकारको नारा कार्यान्वनमा भने सधैं चुनौतीहरु छन् । लोकतन्त्रमा विधायिका, कार्यपालिका र न्यायपालिका स्वतन्त्र हुन्छन् तर ती ३ अँग नै राम्ररी सन्चालन भएका छैनन् यहाँ ।

न्याय दिलाउने संस्थामाथि प्रश्न उठाइएको छ अहिले । विधायिकाले कानुन नबनाएर कार्यपालिकाको ठाडो अध्यादेशीय शैलिमा देश सन्चालन भएको छ । व्यवस्थापिका बेला-बेला आफैं कार्यपालिकको कोप भाजनमा परेको छ र कोमामा पुग्दै ब्यूझँदै गर्दा बिजनेस बिहिन बनेको छ । त्यसका सञ्चालकहरु हिलो छ्याप्ने काममा लागेका छन् । देश सम्पन्न छैन, गरिब भएकाले जि.डि.पि. ३७ : ३ प्रतिशतको हाराहारीमा सार्वजनिक ऋणमा छ । गत वर्षको फागुनसम्ममा तिर्न बाँकी ऋण १५ खर्व ८९ अर्ब ४६ करोडको छ भने व्यापारघाटा उच्च छ । देशमा महँगी कठोर रुपमा अघि बढ्दैछ भने सुशासनको अभाव र जिम्मेवारीपनको अभाव र जवाफदेहीता नाम मात्रको छ । लोकतन्त्रको यहाँ उपहास भएको छ, दण्डहिनता छ, सार्वजनिक जवाफदेहिता नभएकाले नागरिक हक कुण्ठित भएका छन् ।

शान्ति सम्झौताको १५ वर्ष पुग्दा पनि वेपत्ता पारिएका, जघन्य मुद्दाका विषयहरु बाहिर आउन सकेका छैनन् । जघन्य अपराधमा मुछिएकाहरु देशको उच्च तहमा विराजमान छन् । तिनका मुद्दाहरुमा असर पर्ने गरी न्यायालयमा विरोधका स्वरहरु घन्कन थालेका छन् । यौन हिँसा र बलात्कारका केसहरु अविच्छिन्न रुपमा बाहिर आएका छन् भने

> आज सबैजसो देशहरु आफूलाई लोकतान्त्रिक भन्न रुचाउँछन् । लोकतन्त्रको सुन्दर आभूषण भनेको जिम्मेवारी बोध नै हो र जवाफदेहिता पनि । तर, संसारमा आज राजनीतिको सुन्दर मुहार कुरुप देखिँदैछ । खासगरी अल्प विकसित, गरिब देशहरुमा, मानव अधिकार नाममात्रको देखावटी भएको छ ।

निहत्था निर्मला र गंगामायाहरुले न्याय पाएको देखिँदैन । राजनैतिक अस्थिरता छ, नेता चुन्ने मतदाताहरु अपहेलित र शासित छन्, दलहरु भागबण्डामा लागेका छन् भने सत्ता स्वार्थका लागि जे पनि गर्न तयार देखिन्छन् । भ्रष्टाचार मौलाएका सार्वजनिक प्रतिवेदनहरु आइरहन्छन् भने बेरुजुको चाँग ठूलो छ । सुशासन दिने घरदैलोको सरकारमा जान कर्मचारीहरु इच्छुक देखिएका छैनन् । हजारौं कर्मचारीको दरबन्दी खालि छ । सार्वजनिक प्रशासन सञ्चालन गर्ने मूल कानुन निजामती सेवा ऐन नै थँगथिलो भएको छ र अध्यादेशको तरखरमा रहेको बुझिन्छ । विपक्षीहरुले संसद चल्न नदिने भनिसके फेरि पनि ।

देशमा विकासको रटान गरिन्छ, असारे र डोजरे विकास पनि देखिन्छ । तर, वर्षायाममा विकास खर्च बढेको देखिए पनि हिउँदमा विकास खर्च नहुँदा बैंकहरुमा तरलताको अभाव छ । पूँजीगत खर्च नभएकै कारण पनि बेरोजगारी वृद्धि भइरहेको अवस्था छ । रोजगारीका लागि नेपालीहरुको बहिर्गमन भएको छ, विप्रेषणले देशको अर्थ बजार धानिएको छ । कोरोनाको संसारले घरभित्र भोकमरी र घरबाहिर महामारीको उखान चरितार्थ भएको छ । अर्को लहर ओम्रिकोन्टका लागि बुष्टर डोजको हल्ला आएको छ । रागै पिच्छे खोपका लागि कति लाइन बस्ने हो, नागरिकहरु विगतको सम्झँदै दिक्क मान्दैछन् । देशमा उत्पादन छैन, नाना, खाना, छानाका सबैजसो सामान विदेशबाट ल्याउनु पर्ने भएको छ । यहाँ मानवीय असमानता छ, दलमा लाग्ने मोटाउने दलभक्ति गर्न नसक्नेहरु दुब्लाउने गरेका छन् ।

कोरोनाविरुद्धको खोपमा अन्तर्राष्ट्रिय मान्यता समानता भनिए पनि सबैले खोप सुलभ पाएका छैनन् । सबैलाई खोप किन्न हतारो छ । सुरक्षित भण्डारणमा चासो गएको छैन । किसानहरुलाई मल, बीउ, सिँचाइ सुविधा, बजार व्यवस्था गर्न सकिएको छैन । किसानहरु दलको कार्यक्रममा व्यस्त हुनुपर्ने भएको छ । सार्वजनिक सेवामा लागेकाहरुलाई राजनैतिक दलको झोला नबोक्न धेरै कानुनहरु बनेका छन् तर, तिनको पालन भएको छैन । सबैजसोलाई दलको परोक्ष, प्रत्यक्ष भक्ति गर्न सिकाइएको । राजनैतिक खेति बढेको छ, खेत, बारी बाँझो छन्, घरमा अन्न पात छैन । विकासका नाममा धेरै ठूला कुरा गरियो तर मानव अधिकार कुँठित छ, बोलेरै मात्र सबैकुराको समाधान हुन्न । समग्रमा लोकतन्त्रले देखाएको मानव अधिकारको अबस्था यसबाट छलँग हुन्छ ।

अघिल्लो वर्ष मात्रै राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार कुंठित भएका १३२ वटा उजुरी दर्ता गरेको छ । ७०० उजुरीमा छानविन हुँदै रहेको बताएको थियो । सरकार भन्छ- मानव अधिकारमा प्रतिबद्ध छ भनेर तर अदालतले दिएको आदेश कार्यान्वयन हुन धेरै बाँकी रहेको देखिन्छ । महिला, दलित क्षेत्रमा काम गर्ने आयोग, नियोग, संस्था, गैससहरु कति छन् तर न्याय नपाएका गुनासाहरु छरपष्ट छन् । अघिल्लो वर्ष यसकै दिवस मनाइरहँदापूर्व निक्लाजुंग १ का शिक्षक राजेन्द्रको घाँटी रेटेर हत्या भएको थियो,पश्चिम कैलालीका सशस्त्र प्रहरीको घाँटी रेटेर हत्या भएको थियो । यी त केही प्रतिनिधि केसहरु मात्र हुन् । राज्यद्धारा दण्डहीनताको अन्त्य हुनु पर्ने थियो, तर राज्य आफैं मौन छ यस्ता विषयमा । स्थानीय तहहरु सेवा दिन होइन जबर्जस्त कर उठाउनमा व्यस्त छन् । बाटो कुरी कुरी लुकेर चालकहरुलाई मारमा पारी प्रहरीहरुसडकमा पैसा उठाउन व्यस्त छन् । उही पुराना साना सडक तर सवारी साधनको व्यस्तता र चाप बढी भएको मौका छोपी विल काटेर पैसा उठाइन्छ, ढाड सेकाइन्छ । सरकार नियन्त्रित तेल निगमले नै ढाड सेक्ने गरी इन्धन र ग्याँसको मूल्य बढाइदिन्छ, भूटानमा भन्दा विजुलीको भाउ स्वदेशकै उत्पादन भए पनि यहाँ बढी छ । नेताहरुको सुरक्षा खर्च र देशको ढुकुटीमा उपचार खर्च गराउने दौडधूप बढी छ, चिल्ला गाडीको प्रयोग र ठूला महलमा नेताहरु बस्न रुचाउँछन्, स्वदेशका कृष्ण प्रसाद भट्राई, पुष्पलाल, मनमोहन, गणेशमानशैलिको जीवनशैलि यहाँ छैन, नत छिमेकी विदेशी गान्धीको शैलि नै ।

कृषिक्षेत्र आत्मनिर्भर गर्ने भनिन्छ । सरकारी तथ्यांकअनुसार ६५ प्रतिशत बढी जनता किसान छन् । तर, यहीँ प्रत्येक वर्ष २ अर्ब बढीको वीउ बीजन नै आयात हुन्छ । रासायनिक मलको अबस्था त्यस्तै छ, समयमा मल पाइँदैन, किसानहरु रनभूल्लमा छन् र त उब्जनी हुन्न । गाँस, बास, कपास मानिसका न्यूनतम आबश्यकताका विषय हुन्, शिक्षा, स्वास्थ्य र सुरक्षालाई गौण गर्न सकिन्न, इज्जत, प्रतिष्ठा, मानवोचित जीवन यापनको नारा कहिले सार्थक हुने ? राज्यबाट उठेको उठाइएको राजस्व, विदेशी, दातृ निकायले दिएका, सहयोग गरेका विषयलाई सदुपयोग गर्ने इच्छा शक्ति भएको नेतृत्व हामीकहाँ भएन, साधन र स्रोतको मितव्ययी परिचालन भएन । ओभरहेड खर्च बढी भयो, बिलासिताका सेवा सुबिधाले राज्यका अंगहरु बढी खर्चालु भए । खासमा संयन्त्रहरु नै पाल्न गहारो भयो नेपाली जनतालाई, ऋणै ऋणको भारमा थिचिएर, महँगीको मारमा पिल्सिएर, व्यापार घाटामा तैरिएर आम नेपालीले लामो सास फेर्न सकेका छैनन् । यहाँ मानव अधिकारका कुरा परको विषय बनेको छ ।

## सामाजिक सञ्जाल




**- भासा शर्मा**

नेपाली कांग्रेसको खुला सदस्य ९९ जनामध्ये जम्मा १ जनामात्रै महिला (शारदा पौडेल, पूर्वसांसद)ले उम्मेदवारी दिएकी थिइन । ३५ जनामा जित्न सकिनन् । अनि महिलाले जितेनन् भनेर मात्रै हुने कि, उम्मेदवारी पनि दिनुपर्ने ?



**- मञ्चला झा**

राजनीतिक चेत भएदेखि चित्रलेखा यादवलाई नेपाली कांग्रेसको सशक्त नेतृको रूपमा चिनेकी थिएँ तर, उहाँ खुल्ला प्रतिस्पर्धामा नपरेर आरक्षित मै अटाउनु भएछ । अनि बाँकी ढकाल, कोइराला, देउवा, देवकोटा, भुसाललगायतका दिदीहरू नि महिला आरक्षणमै !



**- च्यवन घिमिरे**

७८ मंसिर २४ गते नेकाको केन्द्रिय सदस्य उम्मेदवार बनेका विनोद चौधरी २०६९ जेठ १५ सम्म एमालेका सभासद थिए । नेकाको विधान र निर्वाचन निर्देशिका २०७८ मा उम्मेदवारीको लागि १० वर्ष निरन्तर क्रियाशिल सदस्य हुनुपर्छ । एमालेको सभासद रहँदा क्रियाशिल लिन पाइन्न, तसर्थ उम्मेदवार नै बन्न पाइँदैन ।



**- निर्मल प्रसाइँ**

राजनीति शत प्रतिशत निस्वार्थ सेवा भनिन्थ्यो, तर अब माधव नेपालको नेकपा (एकिकृत समाजवादी)को कार्यकर्ता भइएको खण्डमा मासिक १० हजार रूपैयाँ पाइन्छ । योभन्दा विकृतिको रूप र उदाहरण अरू के होला ? सरकारी पुलपुलेसा र भवनहरू हावाले उडाउने कारण यस्तै चुहावटबाट हुने हो ।




**- बिमल पोखरेल**

पार्टीको चुनावपछि दुनियाँलाई ढोग्दै हिँड्नु कुनै संस्कार होइन, कुसंस्कारको नयाँ मोडेल हो । यस्ता कुसंस्कारले मान्छेलाई दास बन्न सिकाउने बाहेक अरू गर्दैन । वीपी कोइरालाले यस्ता कुसंस्कार कहिल्यै सिकाएको जस्तो मलाई लाग्दैन ।

विश्व

# संकटमा अफगानी



● कुलदीप तलवार

> अफगानिस्तानका जनताले यो जाडो मौसममा निकै कठिनाइको सामना गरिरहेका छन् । खानेपानी र खाद्यवस्तुको चरम अभावका कारण अफगानिस्तानमा मानवीय संकट गम्भीर बन्दै गएको छ । भोकमरीको सामना गरिरहेका अफगानीहरूको संख्या क्रमिक रुपमा बढिरहेको छ । पछिल्लो तथ्यांकअनुसार कुल जनसंख्यामध्ये ३ करोड नागरिकले गम्भीर खाद्य संकटको सामना गरिरहेका छन् ।

अफगानिस्तानका जनताले यो जाडो मौसममा निकै कठिनाइको सामना गरिरहेका छन् । खानेपानी र खाद्यवस्तुको चरम अभावका कारण अफगानिस्तानमा मानवीय संकट गम्भीर बन्दै गएको छ । भोकमरीको सामना गरिरहेका अफगानीहरूको संख्या क्रमिक रुपमा बढिरहेको छ । पछिल्लो तथ्यांकअनुसार अफगानिस्तानको कुल जनसंख्या ३ करोड ९० लाख छ, जसमध्ये ३ करोड नागरिकले गम्भीर खाद्य संकटको सामना गरिरहेका छन् । दुई महिनाअघि यस्ता अफगानीहरूको संख्या करिब १ करोड ४० लाख मात्रै थियो ।

अहिले अफगानिस्तानका जनता भोकमरीमा मात्रै छैनन् आधारभूत स्वास्थ्य सेवाबाट पनि बञ्चित बन्दै गइरहेका छन् । तालिबान शासनमा स्वास्थ्यकर्मीहरूलाई नागरिकको उपचार गर्न असहज बनिरहेको छ । स्वास्थ्य सेवा प्रदान गर्ने २ हजारभन्दा बढी संस्था बन्द हुन पुगेका छन् । अन्तर्राष्ट्रिय सहायता एजेन्सीहरूले यो मुद्दालाई युद्धस्तरमा समाधान नगरिए सन् २०२० को अन्त्यसम्ममा लाखौं बालबालिकाले दादुरा र घातक रोगको सामना गर्नुपर्ने बताएका छन् । युनिसेफका अनुसार पाँच वर्षमुनिका बालबालिका तीव्र कुपोषणबाट पीडित छन् ।



तालिबानको उदयसँगै अफगानिस्तानको सुरक्षा व्यवस्था पनि संकटपूर्ण अवस्थामा छ । देशमा हिंसा जारी छ । देशको अर्थतन्त्र पनि नराम्ररी ध्वस्त भएको छ । जसको कारण तालिवान पनि कुनै नयाँ योजना ल्याउन सकिरहेका छैनन् । अमेरिकाले जफत गरेको १० अर्ब डलरको सम्पत्ति फिर्ता गराउन तालिबानहरुले प्रयास गरिरहेका छन् । हालै दोहामा भएको अमेरिकी प्रतिनिधिसँगको दुईदिने बैठकमा पनि यो विषय उठाइए पनि निष्कर्षमा पुग्न सकेको छैन ।

अहिलेसम्म भारत, पाकिस्तान, टर्की र रुसले मात्र अफगानिस्तानमा मानवीय सहायता पठाएका छन् । तर यो सहयोग निकै कम भएकाले सबै प्रदेशको आवश्यकता पूरा हुन सकेको छैन ।

अमेरिकाले अफगानिस्तानलाई मानवीय सहायता दिइने तर, तालिबानलाई सीधै नदिई अन्तर्राष्ट्रिय सहायता वितरण गर्ने संयुक्त राष्ट्रसंघीय निकायमार्फत दिइने बताएको छ । अर्कोतर्फ केही पश्चिमा राष्ट्रले अफगानिस्तानलाई दिँदै आएको सहयोग रोकेका छन् । केटीहरूको शिक्षामा प्रतिबन्ध लगाउने र देशमा शरिया कानून लागू गर्ने शासनलाई उनीहरू सहयोग गर्न चाहँदैनन् । तालिबानले सत्ता कब्जा गरेपछि थप कुपोषण र भोकमरीको सामना गरिरहेका अफगानीहरूलाई भारतले १.५ टन चिकित्सा सामग्री र ५० टन खाद्यान्न आपूर्ति गरेको छ । सुरुमा पाकिस्तानले आफ्नो देशबाट खाद्यान्न आपूर्तिको ढुवानी गर्न अनुमति नदिएपछि भारत केही अप्ठ्यारोमा परेको थियो । अफगानिस्तानका ट्रकबाट मात्रै भारतीय सामान ल्याउन सकिने र डिसेम्बरको अन्त्यसम्ममा आपूर्ति सम्पन्न गरिसक्ने बताएको छ । अफगानिस्तान-पाकिस्तानको मुख्य सीमा नाका तोर्खामसम्म ५० अफगानी ट्रक मात्र जान पाइन्छ । यति ठूलो आपूर्ति दुई सातामै कसरी पूरा हुन्छ भन्ने प्रश्न उठेको छ ।

यो सबै तब भइरहेको छ जब पाकिस्तानले सम्पूर्ण विश्वलाई अफगानहरूलाई मानवीय सहायता दिन अपील गरिरहेको छ र यसको सम्पूर्ण श्रेय आफैं लिन चाहन्छ । उसले अफगानिस्तानलाई सहयोग गर्न इस्लामिक सहयोग संगठनको बैठक बोलाएका छन् । भारतले विगत २० वर्षमा अफगानिस्तानमा सबैभन्दा बढी विकास कार्य गरेको छ र अझै पनि त्यसलाई मानवीय सहायता उपलब्ध गराउने प्रयास गरिरहेको छ भन्ने कुरा विश्वलाई थाहा छ । भारतले विभिन्न देशले दिएको सहयोगको दुरुपयोग नहोस् र देश फेरि आतंकवादको अड्डा नबनोस् भन्ने चाहन्छ । भारतले पनि अफगानिस्तानमा सबै समावेशी सरकारको कामना गर्दछ । यो नभएसम्म कुनै पनि देशले हालको तालिबान सरकारलाई मान्यता दिनेछैन । गरिब जनतालाई राहत उपलब्ध गराउन तालिबान प्रशासन असफल सावित भएको छ । तालिबानले पनि अफगान जनताको अधिकार र आवश्यकताअनुसार शासन गर्ने कि संकीर्ण दृष्टिकोणको आधारमा निर्णय लिने भन्ने प्रश्न विश्वले उठाईरहेका छन् ।

*–अमर उज्यालाबाट*

# लुम्बिनी प्रदेश समन्वय परिषद् कतारको दोस्रो अधिवेशन जनवरी २८ मा हुने

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ५ पुस

'हामी परदेशीको चाहना समृद्ध प्रदेश हाम्रो कामना' भन्ने मूल नारा लिएर सामाजिक संस्थाको रूपमा कतारमा स्थापना भएको लुम्बिनी प्रदेश समन्वय परिषद् कतारको दोस्रो अधिवेशन हुने भएको छ । अधिवेशन आगामी जनवरी २८ मा हुने भएको हो ।

स्थान तय हुन बाँकी रहे पनि अधिवेशन सम्पन्न गर्ने तयारी तीव्र रूपमा बढिरहेको परिषद्का महासचिव डिल्लीराम भट्टराईले जानकारी दिए ।

नयाँ भेरियन्ट कोरोनाको प्रकोप हेरेर स्थान केही समयमै जानकारी गराइने अध्यक्ष बुद्ध पाण्डेले मध्यान्हलाई जानकारी दिए । उनले अधिवेशन सफल पार्न कतारमा रहेका सबै लुम्बिनी प्रदेशवासीलाई अनुरोध गरेका छन् ।

प्रदेश र परदेश भित्रका हरेक समस्यामा मलहम बन्ने उद्देश्यले सन २०१८ जनवरी १२ मा परिषद्को स्थापना गरिएको थियो । परिषद्ले कतारमा कोरोनाका समयमा पीडितहरूलाई राहत वितरण तथा उद्धार कार्यमा सक्रिय रूपमा कार्य गरेको थियो भने नेपालमा समेत अक्सिजनलगायतका सामग्री सहयोग स्वरूप पठाएको थियो ।

# नवलपरासीमा २४ जना फरार अभियुक्त पक्राउ

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, ५ पुस




नवलपरासीमा २४ जना विभिन्न मुद्दामा फरार रहेका अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ । आइतबार जिल्ला अदालतबाट विभिन्न मितिमा फैसला भई कैद तथा जरिवाना तोकी तत्काल सजाय भुक्तान नगरेका लागुऔषध मुद्दाका १ जना, सवारी ज्यान मुद्दाका २ जना, कुटपिट मुद्दाका १७ जना, चोरी मुद्दाका २ जना, जाल साझी मुद्दाका १ जना र सार्वजनिक अपराध मुद्दाका १ जना फरार अभियुक्तहरु जिल्ला प्रहरी कार्यालय तथा मातहत प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले जिल्लाका विभिन्न स्थानबाट पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा २१ वर्षदेखि फरार रहेका साथै अधिकतम ६ महिनासम्म कैद तथा २० हजारसम्म जरिवाना तोकिएका अभियुक्तहरु रहेका छन् ।अदालतको लगत अनुसार पक्राउ परेका २४ जना अभियुक्तहरुको जम्मा सजाय १ वर्ष ५ महिना ३० दिन कैद र ५१ हजार ९ सय ५५ रुपैयाँ जरिवाना रहेको छ । पक्राउ गरिएका सबै २४ जना फरार अभियुक्तहरुलाई आवश्यक कारबाहीका लागि जिल्ला अदालत नवलपरासी पेश गरिएको जिल्ला प्रहरी कार्यालय नवलपरासीले जनाएको छ ।

# इन्द्रेणी कम्प्लेक्समा आगलागी

**काठमाडौं/मस–** काठमाडौंको बानेश्वरस्थित इन्द्रेणी कम्प्लेक्सको छैठौं तलामा रहेको 'फिटनेश एण्ड स्पा सेन्टर'मा सोमबार आगलागी भएको छ । आगलागीबाट तीन करोड ५० लाख रुपैयाँभन्दा बढीको क्षति भएको छ ।

महानगरीय प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक दिनेशराज मैनालीअनुसार इन्भटरबाट विद्युत सर्ट भएर आगलागी भएको प्रारम्भिक जानकारी आएको र आगो नियन्त्रणमा आइसकेको छ । आगलागीबाट मानवीय क्षति भने भएको छैन । आगो निभाउन काठमाडौं, ललितपुर र भक्तपुरका पाँच दमकलको प्रयोग गरिएको प्रहरीले जनाएको छ ।

# असहाय परिवारलाई कम्बल वितरण



**ललन कुमार चौरसिया/मध्यान्ह**
रौतहट, ५ पुस

रौतहटको परोहा नगरपालिका वडा नं. ८ का असहाय व्यक्तिहरुलाई कम्बल वितरण गरिएको छ ।

केही दिन देखि लगातार चिसो बढ्दै गएको र सर्वसाधारणलाई चिसोबाट जोगिनका लागि न्यानो कपडा विगत गरिएको हो ।

परोहा नगरपालिका वडा नं ८ मोतिपुर नरकटिया टोलस्थित झरिमाई नर्सिङ युवा क्लबको आयोजना तथा अमेरिका मधेशी समाजको आर्थिक सहयोगमा गरिब, विपन्न, असहाय वर्गका व्यक्तिहरूलाई कम्बल वितरण गरिएको हो । स्थानीय सहकार्य संस्था झरिमाई नर्सिङ युवा क्लबकी अध्यक्ष आर्य शशिकला राउतको पहलमा सोमबार एक कार्यक्रमकाबीच ४० थान कम्बल गरिब परिवारलाई वितरण गरिएको हो ।

कार्यक्रममा प्रमुख परोहा नपा वडा नं ८ का अध्यक्ष खेदु मुखिया, स्थानीय अगुवा बलिराम गिरी, रामसेवक प्र.जयसवाल, चन्द्रीका राउत पटेल, जोगिंन्द्र पटेल लगायत स्थानीयबासीहरूको उपस्थिति रहेको थियो ।

मध्यान्हसँग कुरा गर्दै अध्यक्ष राउतले आउने दिनमा अझै गरिब, असहाय, मजदुर र विपन्न समुदायहरूमा अमेरिका मधेशी समाज सहयोग गर्न सँधै तयार रहेको बताइन् ।


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनीले भारतबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्याहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालवस्तुको विवरण | मोडल | उत्पतिका मूलुक | इकाई | अधिकतम खुद्रा इकाई मूल्य (MRP) |
|---|---|---|---|---|---|
| 1. | Konka Brand REF | KRF215W/B | India | 1 | 27,985.50 |
| 2. | Konka Brand REF | KRF185W/B | India | 1 | 24,686.97 |
| 3. | Konka Brand REF | KRF170W/B | India | 1 | 23,587.46 |

बिक्रेताका नाम: सौरभ फोटा इन्टरनेशनल | ठेगाना: तिनकुन, सुविधानगर, काठमाडौं | प्यान नं.: ३००५०२७१ | फोन नं. ०१४१११६३०



## घरबहालमा लिने सम्बन्धि सूचना

यस कम्पनीको शाखा कार्यालय संचालनको लागि काठमाण्डौंको नक्साल, कमलादी क्षेत्रमा ८०० वर्गफिट क्षेत्रफल सहितको विद्युत/पानी तथा पार्किङ्ग सुविधा सहितको घर बहालमा लिन आवश्यक भएकोले घर बहालमा दिन इच्छुक घरधनी महानुभावहरुले अपेक्षित मुल्य (प्रति महिना/वर्ग फिट) र भाडामा प्रस्तावित भवनको फोटो सहितको नक्साको क्षेत्रफल, भवन निर्माण स्वीकृत नक्सा वा निर्माण सम्पन्न प्रमाण पत्रको प्रतिलिपि जग्गाको नापी नक्साको प्रतिलिपी जग्गाधनी पूर्जाको प्रतिलिपी एवं निवेदन सहित यो सूचना प्रकाशित भएको ७ (सात) दिन भित्र यस कम्पनीको प्रधान कार्यालय श्री राज भवन तिनकुने मा प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ ।

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लि.
Gurans Life Insurance Co. Ltd.
श्री राज भवन, तीनकुने, काठमाण्डौ । पोष्ट बक्स नं. १९४९९
फोन: ५१९९३१०, फ्याक्स: ५१९९०६१, टोल फ्रि नं: १६६०-०१-४४४००



## ओमानमा वैदेशिक रोजगार | कम्पनी : FUTURE MOTIVES TRADING शहर: MUSCAT

पूर्व स्वीकृत मितिः २०७८/०९/०२ चलानी नं.: ६०१७०८८३ LT. No.: 253940

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pastes Maker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ४७,३६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sandwich Maker | 0 | 2 | | 150 | ४७,३६७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस १३ गते (28 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

H.M.T. Overseas Pvt. Ltd. Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301
CONTACT NO- 9818313946, 9803515104, 9841788448, 9808466028, 9816332223, 9852059287, 9845878321, 9815363092, 9807070536, 9867430836, 9851032597, 9811405704,


## Marsyangdi Rural Municipality
## Office of Rural Municipal Executive
**Bhulbhule, Lamjung**
**Gandaki Province, Nepal**

## Invitation for Bids

**(First Date of Publication:- 21st December 2021 (2078/09/06)**

1. The Marsyangdi Rural Municipality invites only electronic bids from bidder from eligible bidders for the Construction of Water Supply under National Competitive Bidding procedures mentioned in the table below.

| Contract ID | Description of Work | Estimated Amount (Without VAT) | Bid Validity Period | Bid Security Amount/Validity | Bid Document Fee |
|---|---|---|---|---|---|
| 17/MRM/WS /2078-79 | Construction of Puranogaun Dhagain Tunikharka Dhagainbeshi Buddhabazar Water Supply Project | 43,22,076.11 | 90 days | 1,50,000/120 days | 3000 |

| | |
|---|---|
| **Deadline for Bid Submission** | **2078/10/07 (21st January 2022) till 12:00 Noon** |
| **Date Time and Location for Bid Opening** | **2078/10/07 (21st January 2022) 13:00 at Office Premises** |
| Account Details for Bid Document | Name of the bank: Civil Bank Limited, Bhulbhule,<br>Name of Office: Marsyangdi Rural Municipality, Bhulbhule Lamjung,<br>Office Account Number: **05810129971126** |
| Account Details for Bid Security Deposit | Name of the bank: Civil Bank Limited, Bhulbhule,<br>Name of Office: Marsyangdi Rural Municipality, Bhulbhule, Lamjung,<br>Office Account Number: **05810129971088** |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Marsyangdi Rural Municipality or may visit E-procurement section of PPMO's web Site http://www.bolpatra.gov.np/egp.
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever. Matters not covered above shall be as per the latest amendment of Public procurement Act and its Regulation.

**Act. Chief Administrative Officer**


## KUWAIT मा रोजगार | कम्पनी : HOMRA / HAMRA AND KEHEL LADIES BEAUTY SALON COMPANY शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/०७/३० चलानी नं.: ६०१६७६८३ L.T. No.: 250834 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Dresser | 0 | 5 | सम्बन्धित काममा दक्ष | 150 | ६०,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Pedicure Manicure | 0 | 7 | | 150 | ६०,१५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ पुस १३ गते (28 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ईभ नेपाल ओभरसिज प्रा.लि.
श्रम इजाजत नं. १०१३/०६८/६९
शान्तिनगर, काठमाडौं, फोन नं. ४१०७५२०, ४६२२४२६, फ्याक्स:: ४६२२४३६



## कतारमा रोजगार | कम्पनी : QATAR MULTI TECH TRADE & CONT W.L.L शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/०९/०५ चलानी नं.:६०१७०८६० LT. No.: 254125

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 10 | 0 | स. काममा दक्ष | 1000 | ३३,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस १३ गते (28 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

NIRVANA H.R. PVT. LTD.
श्रम इजाजत पत्र नं.: १३५६/०७४/०७५
Sinamangal, Kathmandu, Tel.: 01-4116649, Fax.: 4116651
E-mail : nirvanahr017@gmail.com, Web: www.nirvanahr.com.np



## साउदीमा रोजगार | कम्पनी: MOHAMMED SALEM AL -JUAIB & PARTNERCO. शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/२० चलानी नं.: ६०१६९७३३ LT. No.:252614 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ५८,२४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस १३ गते (28 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

कान्तिपुर ओभरसिज सर्भिसेज प्रा.लि.
श्रम इजाजत पत्र नं.: १६७/०५६/०५७
सामाखुसी, काठमाडौं, फोनः ४३६०६१५, ४३६१९१६, ४३८५४९९, ४३८५६८९, ४३५३८२६
फ्याक्सः ४३६०६१६, E-mail : info@kantipuroverseas.com/kantipuros@hons.com.np



## कतारमा रोजगारको अवसर | कम्पनी : QATAR BUILDING ENGINEERING CO. शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०८/१५ चलानी नं.: ६०१६९२८५ LT. No.: 252566 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३६,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Decorator | 50 | 0 | | 1100 | ३६,६८५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस १३ गते (28 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Luna HR Solutions Pvt. Ltd.
Govt. Lic. No. 799/065/066
Bhimsendgola-31, Kathmandu | Tel: 01-4110391, 4110394
E-mail: lunahrsolutions@gmail.com, website: www.lunahrsolutions.com



## SAUDI मा रोजगारको अवसर | कम्पनी: SAUD OWAID THANI AL FAHIKI FARM शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/ ०९/०५ चलानी नं.: ६०१७०८७१ L.T. No.:251477

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agricultural Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस १३ गते (28 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

फेमस ह्युमन रिसोर्सेज प्रा. लि.
श्रम इजाजत नं. ५४५/०६१/०६२
कोटेश्वर-३२, तिनकुने, काठमाडौं, नेपाल, फोन: ५१९९५००, ५१९९७००
Email: info@famoushr.com, famoushr545@gmail.com



## कतारमा रोजगार | १. कम्पनी : MODERN CLEANING COTRADING शहर:DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/१८ चलानी नं.: ६०१६२४०४ L.T. No.: 244906 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | mechanic | 5 | 0 | सम्बन्धित काममा दक्ष | 2200 | ७३,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Gen Clean Worker | 9 | 0 | | 1000 | ३३,३५० | | | | | | | |
| 3. | heavy vehicle driver | 4 | 0 | | 2200 | ७३,३७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस १३ गते (28 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

New Light International Pvt. Ltd.
Govt.Lic.No. 1403/074/075
Samakoshi, Kathmandu, Tel.: 4380173, 4384185, Mob.: 9851045653, 9851006371
Email: info.newlight1403@gmail.com

# पत्रकार आचारसंहिता प्रशिक्षक प्रशिक्षण काभ्रेमा शुरु

**काभ्रे/मस–** प्रेस काउन्सिल नेपालको आयोजना र नेपाल पत्रकार महासंघ काभ्रे शाखाको समन्वयमा धुलिखेलमा पत्रकार आचारसंहिता प्रशिक्षक प्रशिक्षण कार्यक्रम शुरु भएको छ ।

बागमती प्रदेशका विभिन्न जिल्लामा क्रियाशील पत्रकारहरुलाई क्षमता अभिवृद्धि गर्ने उद्देश्यले धुलिखेलस्थित हिमालय दृश्य रिसोर्टमा सोमबारबाट प्रशिक्षण शुभारम्भ गरिएको हो ।

उद्घाटन सत्रमा नेपाल नगरपालिका संघका अध्यक्ष एवं धुलिखेल नगरपालिका प्रमुख अशोककुमार ब्याञ्जुले पत्रकारितामा जिउने परिस्थिति निर्माण नभएसम्म पत्रकार आचारसंहिताको पालना हुन नसक्ने बताउँदै पेशा र सञ्चार क्षेत्रलाई सबल र आत्मनिर्भर हुन सक्ने वातावरण सिर्जना गर्नुपर्नेमा जोड दिए ।

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले पत्रकार आचारसंहिता पालना गर्न र जिम्मेवारी पत्रकारिता गर्न हामी प्रतिबद्ध छौं भन्दै सम्पूर्ण उपस्थिति पत्रकारहरुलाई प्रतिबद्धता जनाउँदै दोस्रो शेसनको शुभारम्भ गरे ।

प्रेस काउन्सिल नेपाल सदस्य ठाकुरप्रसाद बेलबासेले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै काउन्सिलले सरकार र पत्रकारबीच सेतूको कार्य गर्दै पत्रकार क्षमता अभिवृद्धिको कार्यमा निरन्तर लागिपरेको बताउँदै सहभागिलाई स्वागत व्यक्त गरे ।

प्रेस काउन्सिल नेपालका सदस्य चिरञ्जीवि मास्केले पत्रकार आचारसंहिता प्रशिक्षक प्रशिक्षण कार्यक्रम फरक ढंगबाट अघि बढाउनुपर्ने र आफूले सिकेका कुराहरु जिल्लामा गएर कार्यक्षेत्रका पत्रकार साथीहरुलाई समेत शेयर गर्न तालिममा सहभागि पत्रकारहरुलाई आग्रह गरे ।

नेपाल पत्रकार महासंघका वरिष्ठ उपाध्यक्ष रमेश विष्टले यस्ता प्रशिक्षण कार्यक्रममा अग्रज पत्रकारबाट उर्जा र जाँगर एवं सीप सिकी व्यवसायिक पत्रकारितामा अघि बढ्न थप टेवा पुग्ने बताए ।



पत्रकार महासंघ काभ्रे जिल्ला अध्यक्ष बद्रीराज तिमल्सिनाले प्रेस काउन्सिल नेपालले लिएको अठोट र प्रतिवद्धतामा ऐक्यवद्धता जनाउँदै सहकार्य गर्न पाउँदा आफूलाई खुशी लागेको बताए । उनले दुई दिने प्रशिक्षण कार्यक्रमले क्रियाशील पत्रकारहरुको लागि फलदायी हुने धारणा राखे ।

दुई दिनसम्म ६ वटा शेसन चल्ने सो कार्यक्रममा वरिष्ठ पत्रकार एवं पुर्व अध्यक्षहरु धर्मेन्द्र झा, गोविन्द आचार्य, महासंघ अध्यक्ष विपुल पोखेल, बरिष्ठ पत्रकार निर्मला शर्मा लगायतले पत्रकार आचारसंहितासम्बन्धी अध्ययन र अनुभव राख्नेछन् । कार्यक्रममा प्रेस काउन्सिल नेपालका सदस्यद्धय ठाकुरप्रसाद बेलबासे, चिरञ्जीवि मास्के, नेपाल पत्रकार महासंघका वरिष्ठ उपाध्यक्ष रमेश विष्ट, प्रेस काउन्सिल नेपालका मुख्य अधिकृत झबिन्द्र भुसाल, सहप्रशासकीय अधिकृत राधेश्याम अधिकारीलगायत उपस्थिति रहेको थियो । प्रशिक्षण कार्यक्रमबाट बागमती प्रदेशस्तरका करिब ५५ जना पत्रकारहरु लाभान्वित हुने प्रेस काउन्सिल नेपालका मुख्य अधिकृत झबिन्द्र भुसालले बताए ।

## गैंडाको खागसहित ६ जना पक्राउ

**काठमाडौं/मस–** गैंडाको खाग अवैध रुपमा बिक्रीमा संलग्न रहेको आरोपमा प्रहरीले ६ जनालाई पक्राउ गरेको छ ।

महानगरीय अपराध महाशाखाको टोलीले काठमाडौंको बौद्धबाट संरक्षित वन्यजन्तु गैंडाको खागसहित उनीहरूलाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा काभ्रे बेदान गाउँपालिका-४ का ४१ वर्षीय वीरमान तमाङ, पाँचखाल नगरपालिका-६ का ४२ वर्षीय बेदबहादुर दनुवार, सिन्धुली घर भई बौद्ध बस्ने ४१ वर्षीय भिमबहादुर थिङ, पाँचखालकै २० वर्षीय नवराज गिरी, काभ्रे खानिखोला -५ का ३२ वर्षीय भिम तमाङ र पाँचखाल -३ का ३१ वर्षीय सोहन कार्की रहेका छन् ।

### कम्पनीको नाम परिवर्तन भएको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७८/०९/०६

यस कम्पनीको मिति २०७६/०२/१९ गते बसेको विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साबिकको कम्पनी निशान वै ट्राभल्स प्रा.लि. (प्रा.लि. नं. ८९२०९) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकाने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **एभरेष्ट ओएसिस टुरिजम प्रा. लि.** (Everst Oasis Tourism Pvt. Ltd.) कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागियो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति २०७८/०९/०६

यस कम्पनीको मिति २०७८/०८/२० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साबिक कम्पनी **काठमाडौं सानदार मम प्रा.लि. (प्रा.लि. नं. २५३५७७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिबर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०८/२२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **शान्दार मम प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

---

## अमरगढी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### डडेल्धुरा
### सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्रको प्राविधिक प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०७८।०९।०६**

यस कार्यालयबाट मिति २०७८।०७।२३ गते E-Bidding मार्फत प्रकाशित Construction of Chimrikot Ghatal Road, Amargadhi Municipality Ward no 02 & 03 निर्माण कार्य को बोलपत्र आव्हन सम्बन्धी सूचना अनुसार प्राप्त हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक मुल्याङकनमा उतिर्ण भएका बोलपत्रदाताहरुको विवरण तपशिल बमोजिम सार्वजनिक गरिएको छ ।

**तपसिल :**

| सि.नं. | बोलपत्रदाताको नाम रठेगाना | आयोजनाको नाम र ठेगाना | ठेक्का नं. |
|---|---|---|---|
| 1. | Dhulikhel - L.B. & A.B.- Shibling JV, Kailali | Construction of Chimrikot Ghatal Road , Amargadhi Municipality Ward no. 02 & 03 | AM/DDL/WORKS/NCB/03-2078/79 |
| 2. | Kashyap - Rastra Sewa -S.K. JV, Bhageswor - 2, Rupal Dadeldhura | | |
| 3. | K.S.- Kalika -Tej JV, Dhangadhi 4 Kailali | | |
| 4. | Royal -Aalok Joint Venture, Dhangadhi, Kailali | | |

**नि.प्रमुख प्रशासकीय अधिकृत**

---

## INVITATION FOR BIDS

### Melamchi Municipality
### Office of the Municipal Executive
Melamchi, Sindhupalchok

**Invitation for Electronic Bids for procurement of Fabricated Steel Parts for Trail Bridges**

**Contract Identification No: MMSI/TB/NCB/2078-79/01**
**First Date of Publication: 2078/09/06 (21st December, 2021)**

1. **The Government of Nepal (GoN)** has allocated TB-SWAp funds to Melamchi Municipality for **Trail Bridge Program** and the Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Trail Bridges. Bid is open to all eligible Nepalese Bidders.
2. The Melamchi Municipality invites electronic bids from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum three trail bridges within last five years. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Melamchi Municipality or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
5. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
   **Name of the Bank:** Nepal Bank Ltd, Melamchi Branch Sindhupalchok,
   **Name of Office:** Melamchi Municipality office,
   **Rajashwa (Revenue) Shirsak No :** 16803000001001000001
   **Information to deposit Bid security Amount in bank:**
   **Dharauti(Deposit) Account No:**-16803000003000000001
6. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp, on or before January 20 2022 (2078/10/06), 12:00 **noon**. Documents received after this deadline shall not be accepted.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Melamchi Municipality on January 20 2022(2078/10/06), 13:00 Hrs at the office Melamchi Municipality, Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by bid security, which shall be **valid for 30 days** beyond the bid validity period.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. Pre-Bid Meeting shall be held at the office of Melamchi Municipality on 13:00Hrs January 13, 2022(2078/09/29)
10. The name and identification of the contract are as follows:

| Description of Work (Fabrication Package) | Estimated Amount, NRs (Excluding VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|
| Fabrication of steel parts and transportation up to road head of Sahare Khola & Khahare Khola Lamasoti Trail Bridge. | 2,999,952.58 | 85,000.00 | 3,000.00 |

11. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Executive Officer**

---


## UAE मा रोजगार | कम्पनी: C T T TECHNICAL AND CLEANING SERVICES L.L.C.
शहर: UAE

पूर्व स्वीकृत मिति: २०७८/०९/०५ चलानी नं.: ६०१७०८८१ LT. No.: 254188

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
